कमलामाई नगरपालिका
KAMALAMAI MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
सिन्धुलीमाढी, सिन्धुली
SINDHULIMADHI, SINDHULI
बागमती प्रदेश, नेपाल
BAGMATI PROVINCE, NEPAL

तालिममा सहभागी हुन निवेदन पेश गर्ने सूचना।

(पहिलो पटक सूचना प्रकाशित मितिः २०८३/०८/०१)

यस कमलामाई नगरपालिकाको कृषि विकास शाखाको आ.व. २०८३/८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिलमा उल्लिखित विषयहरूमा कृषि तालिम सञ्चालन गरिने भएकाले उक्त तालिममा सहभागी हुन इच्छुक यस नगरपालिका भित्रका कृषक, कृषक समूह तथा कृषि सहकारी संस्थाहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र अर्थात् मिति २०८३/०८/२१ गतेसम्म आवश्यक कागजात सहित निवेदन पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

इच्छुक आवेदकहरूले सम्बन्धित वडा कार्यालयको कृषि प्राविधिक मार्फत वा स्वयम् यस नगरपालिकाको कृषि विकास शाखामा कार्यालय समयभित्र निवेदन पेस गर्नुपर्नेछ। निवेदन पेस गर्दा आफू सहभागी हुन इच्छुक तालिमको विषय स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ। रित नपुगेको वा म्याद नाघी हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

<u>तालिमका विषयहरु</u>

- रोग किरा पहिचान तथा एकीकृत शत्रुजीव व्यवस्थापन तालिम
- पोष्ट हार्भेस्ट व्यवस्थापन, ग्रेडिङ, प्याकेजिङ तथा मूल्य अभिवृद्धि तालिम
- जलवायु मैत्री तथा उच्च मूल्यका बाली खेति तालिम

<u>आवश्यक कागजात/शर्तहरु</u>

- तालिममा सहभागी हुन पाउँ भनि निवेदन।
- सम्वन्धित वडा कार्यालयको सिफारिस।
- कृषक समूह वा कृषि सहकारी संस्थाको हकमा तालिम लिन इच्छुक कृषकहरुको नामावली समेत उल्लेख गरि सहभागी हुने सम्वन्धमा संस्थाको निर्णयको प्रतिलिपि।
- यस अघि माथि उल्लेखित विषयसँग सम्बन्धित तालिम लिएको भए उक्त तालिमको प्रमाणपत्रको प्रतिलिपि।

थप जानकारीको लागि यस कार्यालयको सूचना पाटी, फेसबुक पेज तथा कार्यालयको वेबसाईट https://kamalamaimun.gov.np बाट प्राप्त गर्न सक्नुहुनेछ।

बोधार्थ,

श्री सबै वडा कार्यालयहरूः सूचना प्रवाह गरिदिनुहुन ।

श्री सूचना प्रविधि शाखाः नगरपालिकाको आधिकारिक फेसबुक पेज तथा वेबसाइटमा सूचना प्रकाशन गरी सबै वडा कार्यालयहरूमा इमेल मार्फत समेत पठाइदिनुहुन।

कृष्ण प्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत